# सहचालकले बोल्ने भाषाका शब्द र वाक्य

दुर्गाप्रसाद दाहाल
महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय

## लेखसार

प्रस्तुत अध्ययन सहचालकको भाषाको शब्द र वाक्यमा केन्द्रित रहेको छ । भाषाका विषयगत आधारमा विशिष्ट लक्षणहरू सिर्जना हुन्छन् । सार्वजनीक बसका सहचालकले प्रयोग गर्ने भाषाका पनि आफ्नै प्रकृतिका लक्षणहरू रहेका हुन्छन् । उनीहरूले प्रयोग गर्ने भाषाका शब्दअन्तर्गत शब्दको आयाम, स्रोत, बनोटका साथै उनीहरूका वाक्यअन्तर्गत वाक्यको आयाम, वाक्यको प्रकृति, कोडमिश्रण र विचलनको आधारमा विश्लेषण गरिएको छ । शब्दका आयामका दृष्टिले सहचालकले छोटा शब्दको प्रयोग गरेको पाइयो । स्रोतगत दृष्टिले सहचालकले बढी आगन्तुक शब्दको प्रयोग गरेको पाइयो । बनोटगत आधारमा सहचालकले बढी मूल शब्द प्रयोग गरेको पाइयो । सहचालकले छोटो र सरल वाक्य बढी प्रयोग गर्ने गरेको पाइयो । सहचालकले वाक्यमा भाषिका, ध्वनिप्रक्रियात्मक, व्याकरणिक, अर्थतात्त्विक विचलन प्रयोग गरेको देखियो ।

*शब्दकुञ्जी :* कोडमिश्रण, ध्वनिप्रक्रियात्मक, प्रयोजनरक भेद, भाषिका विचलन, व्याकरणिक विचलन ।

## विषय प्रवेश

सहचालक चालकको सहयोगी चालक (नेपाल, २०५७, पृ.२१) हो । सहचालकले गाडीका मात्र सहचालकलाई नभएर वर्तमान समयमा इन्जिनले चल्ने सबै सार्वजनिक यातायातका साधनमा रहेका सहचालकलाई बुझाउँछ । बसको सहचालक, ट्रकको सहचालक, माइक्रोको सहचालक, हवाइजहाजको सहचालक, पानीजहाजको सहचालक र रेलको सहचालक सहचालकका प्रमुख प्रकार हुन् ।

सहचालक चालक र यात्रु बीचको सेतु पनि हो । श्रमलाई सम्मान गर्ने वातावरण निर्माण नभएका कारण नेपाली समाजमा सहचालक प्रतिष्ठित बन्न सकेको देखिँदैन । सार्वजनिक यातायातका सबै सहचालक सकारात्मक प्रवृत्तिका हुँदैनन् । कतिपय सहचालक नकारात्मक प्रकृतिका पनि देखिन्छन् । आजको एक्काइसौँ शताब्दीमा मर्यादित र शिष्टताको व्यवहारबाट आफ्नो सेवाप्रति आम नागरिकलाई विश्वस्त बनाउन सार्वजनिक यातायातका सहचालकबाट सकारात्मक प्रवृतिको शिष्ट र विनम्रता पालनका निम्ति प्रोत्साहन गर्न आवश्यक देखिन्छ ।

प्राचीन समयमा गोरुगाडी र बेलगाडीमा चालकको सहयोगी सहचालक हुने गर्दथे । यस्ता सहयोगीलाई औपचारिक रूपमा सहचालक भनिएको थिएन । औपचारिक रूपमा सहचालकको सुरुवात बेलायतबाट भएको मानिन्छ । सन् १९०७ मा पेरिसमा पहिलो दबल देक्कर बसको उदघाटन भएपछि चालकलाई पैसा उठाउन सहयोग गर्न सहचालकको व्यवस्था गरिएको मानिन्छ । सहचालकले पैसा उठाउने काम मात्र नभई यात्रुका सामानको उचित व्यवस्थापनमा सहयोग गर्नका साथै गन्तव्यबारे सल्लाह दिने, यात्रुको सुरक्षा र अन्य कागजी काममा सहयोग गर्ने कामसमेत गर्छन् । बेलायतमा शुरुवात भएको यो पद बिस्तारै भारत, चीन र अरु देशमा पनि प्रचलित भएको हो । सुरुमा दबल देक्कर बसका लागि मात्र सिर्जना गरिएको सहचालकको पद पछि सामान्य बसका लागि पनि प्रयोग गर्न थालियो । सुरुवातमा सहचालकलाई घण्टी बजाएर यात्रु बोलाउने र गन्तव्य पुगेको सूचना दिने काम

दिइन्थ्यो, तर घण्टी बजाउनुका सट्टा आजकाल विभिन्न प्रकारले यात्रुलाई बोलाएको देखिन्छ । यसरी सार्वजनिक सहचालकले अन्य यात्रीसाग अन्तर्क्रिया गर्ने भाषामा विशिष्टता पनि भित्रियो । यसबाट सहचालकको भाषामा प्रयोजनपरक भेदका विशेषताहरू सृजना भयो । भाषाको विभिन्न प्रयोग सन्दर्भमा देखिने भेदहरूको अध्ययन आजको सन्दर्भमा अत्यन्त आवश्यक देखिन्छ । यस अध्ययनमा बसको  सहचालकले  प्रयोग गर्ने भाषाको शब्द र वाक्यगत अध्ययन गरिएको छ ।

## समस्या कथन

यस अध्ययनका समस्या कथनलाई निम्नानुसार बुँदामा प्रस्तुत गर्न सकिन्छ :

(क) आयाम, स्रोत र बनोटका आधारमा सहचालकले बोल्ने भाषाका शब्द कस्ता छन्  ?

(ख) आयाम, प्रकृति र विचलनका आधारमा सहचालकले बोल्ने भाषाका वाक्य कस्ता छन् ?

## अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) आयाम, स्रोत र बनोटका आधारमा सहचालकले बोल्ने शब्दको  विश्लेषण गर्नु,

(ख) आयाम, प्रकृति र विचलनका आधारमा सहचालकले बोल्ने वाक्यको  विश्लेषण गर्नु ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । काठमाडौँका सार्वजनिक बसका १५ जना सहचालकलाई सुविधाजनक किसिमले नमुनाका रूपमा छनोट गरी तिनीहरूले प्रयोग गर्ने भाषालाई रेकर्ड गरी तिनीहरूले प्रयोग गरेका भाषाका शब्दलाई आयाम, स्रोत, बनोटका साथै वाक्यलाई आयाम, प्रकृति र विचलनका आधारमा विश्लेषण गरिएको छ ।

## व्याख्या विश्लेषण

यस अध्ययनका लागि १५ बसका सहचालकले प्रयोग गर्ने भाषाको रेकर्डिडका आधारमा सहचालकले बोल्ने भाषाको शब्दको आयाम, स्रोत, बनोट, वाक्यको आयाम, वाक्यको प्रकृति र विचलनको आधारमा विश्लेषण गरिएको छ ।

## सहचालकले प्रयोग गर्ने शब्दको आयाम

यहाँ शब्दको आयामअन्तर्गत अक्षर सङ्ख्याका आधारमा छोटा शब्द र लामा शब्द छुट्याइएको छ । १५ वटा बसका सहचालकले ५१४ शब्द प्रयोग गरेका थिए ।  यसमा प्रयोग भएका केही लामा शब्दहरू जस्तै नागपोखरी, नारायणथान, घण्टाघर, पछाडिबाट हुन् भने सबैभन्दा कम अर्थात एक अक्षर प्रयोग भएका शब्दहरू त, नि, भो, हा, म , ल, घर, फोर आदि हुन् । प्रस्तुत अध्ययनमा ५१४ वटा शब्दमध्ये ४१० वटा अथवा ७९.७९% प्रतिशत शब्द एक अक्षरदेखि तीन अक्षरसम्मको अर्थात् कम अक्षर भएका शब्द प्रयोग भएको देखिन्छ । यसैगरी १०४ ओटा अथवा २०.२१  प्रतिशत शब्द चार र पाँच अक्षरसम्मको अर्थात् बढी अक्षर भएका लामा शब्द प्रयुक्त भएको देखिन्छ ।

### सहचालकले प्रयोग गर्ने शब्दको स्रोत

शब्दको स्रोतअन्तर्गत मौलिक शब्द र आगन्तुक गरी सहचालकको भाषामा प्रयुक्त शब्दको विश्लेषण गरिएको छ :

### मौलिक शब्द

१५ ओटा बसका सहचालकले प्रयोग गरेका जम्मा ५१४ शब्दमध्ये १८५ अर्थात ३६.९९ प्रतिशत शब्द मौलिक स्रोतका छन् । बसका सहचालकले विद्यार्थी, विचार, ग्राहक, आठ, उल्लु, थुक्क, सरर, आधेरो, आदि जस्ता मौलिक शब्द प्रयोग गरेको पाइयो ।

### आगन्तुक शब्द

१५ ओटा बसका सहचालकले प्रयोग गरेका जम्मा ५१४ शब्दमध्ये ३३२ ओटा शब्द अर्थात् ६४.०१ प्रतिशत शब्द आगन्तुक स्रोतका रहेका छन् । बसका सहचालकले आइ.डी. कार्ड, सहर, टायर, प्याक, जिन्दगी, दलाल, ऐरपोर्त, जिएफ, सरकार, बसपार्क, रोकुम, पिच, रिक्वइस्ट, आदि जस्ता आगन्तुक शब्द प्रयोग गरेको पाइयो ।

### सहचालकले प्रयोग गर्ने शब्दको बनोट

बनोटका आधारमा मूल र व्युत्पन्न गरी शब्द दुई प्रकारका हुन्छन् । १५ ओटा बसका सहचालकले प्रयोग गरेका ५१४ वटा शब्दमध्ये ४५७ अर्थात् ८८.४६ प्रतिशत मूल शब्द प्रयोग भएको देखिन्छ । बसका सहचालकले पनि, गरिब, तर, आज, योग आदिजस्ता मूल शब्द प्रयोग गरेको पाइयो । ५१४ ओटा शब्दमध्ये ५७ अर्थात् ११.५४ प्रतिशत व्युत्पन्न शब्द प्रयोग भएको पाइयो । उनीहरूले कालिमाटी, रत्नपार्क, बसपार्क, झर्ने, आफ्नो जस्ता व्युत्पन्न शब्दको प्रयोग गरेको पाइयो ।

### सहचालकले प्रयोग गर्ने वाक्यको आयाम

सहचालकले प्रयोग गरेका ८९ वाक्यहरूमध्ये आयामका आधारमा सबैभन्दा कम शब्द भएको एउटा वाक्य र सबैभन्दा बढी शब्द भएको एउटा वाक्य लिइएको छ । सहचालकले उपयोग गर्ने वाक्य १ देखि २५ शब्द सम्मका रहेका छन् । सहचालकले उपायोग गरेका ८९ वटा वाक्यमा ४ वटा लामो वाक्यको प्रयोग अर्थात ४.५५ प्रतिशत रहेको पाइन्छ भने छोटो वाक्य ८५ वटा अर्थात ९५.४४ प्रतिशत प्रयोग भएको पाइन्छ । सहचालकले उपयोग गर्ने छोटो वाक्य :

पशुपती झर्ने हुनुन्छ ।

सहचालकले उपयोग गर्ने लामो वाक्य :

घण्टाघर झर्ने तल आउनू, हेल्लो दाइ तल आउनू न ।

### सहचालकले प्रयोग गर्ने वाक्यको प्रकृति

वाक्यको संरचनात्मक आधार अन्तर्गत सरल, मिश्र र संयुक्त गरी तीन भागमा विभाजन गरी सहचालकको भाषाका वाक्यहरूको प्रयोगावस्था पहिचान गर्ने काम गरिएको छ ।

सहचालकले प्रयोग गरेका ८९ वटा वाक्यहरूमध्ये जम्मा ७६ वटा अर्थात् ८५.३९ प्रतिशत सरल वाक्य प्रयोग

भएको पाइयो । सहचालकले प्रयोग गरेका ८९ वाक्यमध्ये संयुक्त वाक्य ११ वटा अर्थात् १२.३५ प्रतिशत भएको पाइयो । सहचालकले उपयोग गर्ने वाक्यमध्ये मिश्र वाक्यको प्रयोगको अवस्था शून्य रहेको पाइयो । सहचालकले उपयोग गर्ने भाषा संयुक्त र मिश्र वाक्यको तुलनामा सरल वाक्य बढी प्रयोग भएको पाइयो । सहचालकले उपयोग गर्ने भाषामा संयुक्त वाक्यहरू सरल वाक्यको तुलनामा कम भएको पाइयो । सहचालकले उपयोग गर्ने भाषामा सरल, संयुक्त वाक्यको तुलनामा मिश्र वाक्यको प्रयोग नभएको देखियो ।

## सहचालकको वाक्यमा पाइने विचलन

भाषाको मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण वा व्यक्तिक्रमलाई विचलन भनिन्छ (शर्मा, २०५५, पृ. ५५२) । यस अध्ययनमा भाषिका विचलन, ध्वनिप्रक्रियात्मक विचलन, व्याकरणिक विचलन र अर्थतात्विक विचलनका आधारमा सहचालकले प्रयोग गर्ने वाक्यलाई विश्लेषण गरिएको छ ।

## भाषिका विचलन

साहित्यकारले आफ्नो रचनालाई विशिष्ट बनाउने क्रममा भिन्न भाषा र भाषिका प्रयोग गर्दछन् भने त्यसलाई भाषिका विचलन भनिन्छ । मानक वा स्तरीय भाषिकाका बीच बीचमा 'अन्य भाषिकागत विशेषताको प्रयोग गर्न' (शर्मा, २०४८, पृ. २८) भाषिका विचलन हो । सहचालकले प्रयोग गरेको वाक्यमा पाइने भाषिका विचलनका केही उदाहरण निम्नानुसार छन् :

| | |
|---|---|
| जाँउ जाँउ ट्राफिक आयो । | हावा हाल्नु पर्छ है टायरमा । |
| एर्पोर्ट झर्ने भाडा ल्याउनु है । | आइडी कार्ड देखाउनुस् । |
| ब्रो तिमी उतातिर गएर बस है । | ब्याग हताइदिनुस् है । |
| ब्याक गर्न पर्ला जस्तो छ गुरुजी । | टायर चेन्ज गर्न पर्ला जस्तो छ । |
| तेन रुपिस दिनु न त । | सिस्टर यसो हटिदिनु न । |

(स्थलगत अध्ययन, २०७६)

सहचालकले प्रयोग गरेका ८९ वाक्यमध्ये २६ वटा वाक्यमा अर्थात् २९.२१ प्रतिशत वाक्यमा भाषिका विचलन देखिन्छ । अङ्ग्रेजीका शब्दहरू जस्तै टायर, ट्राफिक, प्याक, आइडी कार्ड, फोन आदिको प्रयोगले माथिका वाक्यमा भाषिका सिर्जना गरेको देखिन्छ ।

## ध्वनिप्रक्रियात्मक विचलन

भाषाको कुनै 'खास एकाइको उच्चारणमा पहिचान्न सकिने अन्तर' (शर्मा, २०४८, पृ.२८) नै ध्वनिप्रक्रियात्मक विचलन हो । सहचालकले प्रयोग गर्ने वाक्यमा पाइने ध्वनिप्रक्रियात्मक विचलनलाई निम्नानुसार देखाउन सकिन्छ :

| | |
|---|---|
| सिनामङ्गल झर्ने कोइ छ ? | रत्नपार्क आइसक्यो, कोइ झर्ने हो ? |
| गुरु अगाडि रोकुम् । | झ्याल लगाइदिम है । |
| चाबेल जाने यता । | अगि सरम अगि सरम । |
| गुरुजी आज चाहिँ च्या खाम है । | ए हतम हतम । |
| दुई लाइन बनाम त । | |

(स्थलगत अध्ययन, २०७६)

सहचालकले प्रयोग गरेको वाक्यमा रहेका ८९ वाक्यमध्ये १५ वटा अर्थात् १३.३५ प्रतिशत वाक्यमा ध्वनिप्रक्रियात्मक विचलन देखिन्छ ।

## व्याकरणिक विचलन

'लिङ्ग वचन, पुरुष, काल, पदक्रम आदिमा विचलन' (शर्मा, २०४८, पृ. २७) नै व्याकरणिक विचलन हो । सहचालकले प्रयोग गर्ने वाक्यका व्याकरणिक विचलनको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ :

हावा हाल्नु पर्छ है टायरमा ।

सब त्यसले मात्रै पाउादो रहिछ नि, आफूले त कोही पाउँदैन ।

(स्थलगत अध्ययन, २०७६)

माथिको पहिलो वाक्यमा क्रिया बीचमा आएको कारण व्याकरणिक विचलन भएको हो भने दोस्रो वाक्यमा आफूले त कोही पाइँदैन हुनुपर्नेमा त्यसो नभएकाले वाच्यगत विचलन भएको देखिन्छ ।

## अर्थतात्विक विचलन

भाषिक अभिव्यक्तिका क्रममा 'अर्थमा विचलन' (शर्मा, २०४८, पृ.२८) नै अर्थतात्विक विचलन हो । वाक्यको अभिधामूलक अर्थ नआएर अन्य विशिष्ट अर्थ व्यञ्जित हुनु पनि अर्थतात्विक विचलनअन्तर्गत पर्दछ । सहचालकले प्रयोग गर्ने वाक्यमा निम्नानुसार अर्थतात्विक विचलन देखियो :

हैन हौ आज गाडीको मेला लागेको छ ।

गाडीलाई पनि खाना ख्याऊँ है गुरुजी ।

घाम पानी घाम पानी, स्यालको बिहे पो भएछ ।

ए गुरुजी हेडलाइट मार्नँ त ।

(स्थलगत अध्ययन, २०७६)

सहचालकले प्रयोग गरेका ८९ वटा वाक्यमध्ये ४ वटा अर्थात् ४.४९ प्रतिशत वाक्यमा अर्थतात्विक विचलन देखिन्छ ।

## निष्कर्ष

यस अध्ययनमा सहचालकको शब्द र वाक्य अन्तर्गत शब्दको आयाम, स्रोत तथा बनोटका साथै वाक्यको आयाम, प्रकृति, ध्वनिप्रक्रियात्मक विचलन, व्याकरणिक विचलन, अर्थतात्विक विचलन र भाषिक विचलनको आधारमा अध्ययन गरियो । अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदामा प्रस्तुत गरिएको छ :

- बसका सहचालकले प्रयोग गरेका ५१४ शब्दहरूमध्ये तीन वा सोभन्दा कम अक्षर भएका छोटा शब्दको सङ्ख्या ४१० अथवा ७९.७९ प्रतिशत र चारदेखि पाँच अक्षर भएका अर्थात् लामा शब्दको सङ्ख्या १०४ अथवा २०.२१ प्रतिशत रहेको देखियो ।
- सहचालकले प्रयोग गरेका ५१४ ओटा शब्दहरूमध्ये मौलिक शब्दको प्रयोग १८५ अर्थात् ३६.९९ प्रतिशत र आगन्तुक शब्दको प्रयोग ३२९ अर्थात् ६४.०१ प्रतिशत गरेको देखियो ।

- सहचालकले प्रयोग गरेका ५१४ ओटा शब्दहरूमध्ये मूल शब्दको प्रयोग ८८.४६ प्रतिशत र व्युत्पन्न शब्दको प्रयोग ११.५४ प्रतिशत गरेको देखियो ।

- वाक्यको आयाम अन्तर्गत जम्मा ८९ वटा वाक्यमा लामो वाक्यको प्रयोग ४ अर्थात् ४.५५ प्रतिशत रहेको र छोटो वाक्यको प्रयोग ८५ अर्थात् ९५.४४ प्रतिशत रहेको पाइयो ।

- सहचालकले बोल्ने वाक्यहरूमा सरल वाक्यको सङ्ख्या ८५.३९ प्रतिशत पाइयो, यसरी नै संयुक्त वाक्य १२.३५ प्रतिशत पाइयो र मिश्र वाक्यको प्रयोग शुन्य प्रतिशत पाइयो ।

- बसका सहचालकले प्रयोग गरेका ५१४ शब्दहरूमध्ये १३.३५ प्रतिशत ध्वनिप्रक्रियात्मक विचलन, ०.३८ प्रतिशत व्याकरणिक विचलन, ४.४९ प्रतिशत अर्थतात्विक विचलन र २९.२१ प्रतिशत भाषिका विचलनका वाक्य प्रयोग भएका छन् ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज. (२०६६). *समसामयिक नेपाली व्याकरण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज. (२०६७). *सामाजिक र प्रायोगिक भाषाविज्ञान.* (पाँ.सं.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

दाहाल, दुर्गाप्रसाद. (२०७४). *नेपाली भाषा र व्याकरण.* काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाल, वसन्तकुमार. (सम्पा).२०५७). *नेपाली शब्दसागर.* काठमाडौँ : भाभा पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद भण्डारी. पारसमणि र न्यौपाने. दीपकप्रसाद. (२०६७). *भाषाविज्ञानका प्रमुख सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान.* (न.सं.). काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज. (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज. (२०५५). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।